त्रिभुवन विश्वविद्यालय

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

## डीनको कार्यालय

कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

## B.Sc.Ag./Hort. एंव B.V.Sc.&A.H. स्नातक तहमा विद्यार्थी भर्ना सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८०/०७/१६ गते ।**

शैक्षिक वर्ष २०८०/०८१ को लागि यस अध्ययन संस्थानअन्तर्गत सञ्चालित आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेज/संस्थानमा स्नातक तहको शैक्षिक कार्यक्रममा अध्ययन गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका इच्छुक व्यक्तिहरुले **मिति २०८०/७/१९** गतेबाट Online आवेदन दिन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । पशु चिकित्सातर्फ पक्लिहवा क्याम्पस, भैरहवामा जम्मा ५० कोटा र कृषितर्फको स्वीकृत कोटा तालिका १ मा दिइएको छ । नेपाल बाहेकका शैक्षिक संस्थाबाट प्रमाणपत्र तह उत्तीर्ण गरेका आवेदकहरुले भर्नाको समयमा समकक्षता (Equivalence) को सक्कल प्रमाणपत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

**तालिका १: अध्ययन संस्थान अन्तर्गत स्नातक कृषि सञ्चालित आंगिक, सम्बन्धन प्राप्त क्याम्पस तथा कार्यक्रम**

| आंगिक क्याम्पसहरु | कोटा | सम्बन्धन प्राप्त क्याम्पसहरु | कोटा | सम्बन्धन प्राप्त कार्यक्रम | कोटा |
|---|---|---|---|---|---|
| १. पक्लिहवा क्याम्पस, भैरहवा | १०० | १. पृथु टेक्निकल कलेज, दाङ | ५० | १. महेन्द्ररत्न वहुमुखी क्याम्पस, इलाम (वागवानी कार्यक्रम) | ५० |
| २. लमजुङ्ग क्याम्पस, सुन्दरबजार | १०० | २. कलेज अफ लाइफ साइन्सेस, दाङ | ५० | | |
| ३. रामपुर क्याम्पस, चितवन | ५० | ३. गोकुलेश्वर कृषि कलेज, बैतडी | ५० | २. नेपाली सेना स्वास्थ्य विज्ञान अध्ययन संस्थान | ४८ |
| ४. गौरादह क्याम्पस, झापा | ५० | | | | |

*तालिका १ मा स्टाफ कोटा र स्थानिय कोटा समावेश गरिएको छैन । कोटासम्बन्धी विस्तृत विवरण तालिका ३ र ४ मा दिइएको छ ।*

### १. Online आवेदन भर्ने विधि:

आवेदन फाराम www.entrance.iaas.edu.np बाट online मात्र भर्न सकिनेछ । आवेदनमा समावेश गरिएका कागजात तथा जानकारीहरु झुटो वा अपुग पाइएमा आवेदन अयोग्य हुनेछ ।

### २. आवेदनको लागि न्युनतम शैक्षिक योग्यता:

BScAg/Hrt : १०+२ (कृषि वा विज्ञान) वा आई.एस्सी. (कृषि/पशु/वन विज्ञान) वा सो सरह हुनु पर्नेछ ।

BVScAH: १०+२ (कृषि वा विज्ञान) वा आई.एस्सी. (कृषि/पशु विज्ञान) वा सो सरह हुनु पर्नेछ ।

- माथि उल्लेखित तहमा १०० पुर्णाङ्कको अंग्रेजी, भौतिकशास्त्र, रसायनशास्त्र, जीव विज्ञान र गणित विषय अध्ययन गरी कुल प्राप्ताङ्कको ५०% अङ्क वा Letter Grading System भए Aggregate मा $C^{+}$ वा C/GPA 2.4 हुनु पर्नेछ । अतिरिक्त गणित विषयको मार्कसिटमा Letter Grading System मा C वा सो सरह प्राप्त गरेको मार्कसिट पनि upload गर्नु पर्नेछ ।
- १०+२ को Aggregate Transcript नभइ कक्षा १२ को Transcript मात्र भएको खण्डमा कक्षा १२ को Transcript लाई नै आधार मानिनेछ । कक्षा १२ को Transcript मात्र हुनेको हकमा कक्षा ११ को मार्कसिट सहित pdf बनाई upload गर्नु पर्नेछ ।

### ३ आवेदन तथा परीक्षा शुल्कः

न्युनतम योग्यता पुगेका उम्मेदवारले कुनै एक वा दुवै कार्यक्रममा आवेदन दिन सक्नेछन । आवेदन फारम भर्दा शुरुमा नै कार्यक्रम चयन गर्नु पर्नेछ । कुनै एक कार्यक्रमको लागि आवेदन फाराम र परीक्षा शुल्क गरी एकमुष्ट रु. ३,५००।-(रु. तिन हजार पाँच सय रुपैयाँ मात्र) र दुवै कार्यक्रममा आवेदन दिनेको हकमा एकमुष्ट रु. ५,०००।-(रु. पाँच हजार रुपैयाँ मात्र) लाग्नेछ । तोकिएको शुल्क अनुसारको शुल्क नेपाल बैंक लिमिटेड, त्रि.वि., कीर्तिपुरमा रहेको यस अध्ययन संस्थानको खाता **"कृ.प.बि.अ.सं, प्रवेश परीक्षा** खाता नं. **०४५०००१०६५९८५४३००००१** वा **"IAAS ENTRANCE 04500010659854300001"** मा ने.बैं.लि. को कुनैपनि शाखा/उपशाखाबाट जम्मा गरी सोको सक्कलै भौचर आवेदन फाराममा upload गर्नुपर्नेछ । Bank voucher मा deposited by भन्ने स्थानमा विद्यार्थी स्वयम्को Name र Mobile no. अनिवार्य रुपमा लेख्नुपर्नेछ । शुल्क भुक्तानी गरेपछि प्राप्त हुने कोड र भौचर सुरक्षित गरी सो मार्फत प्रवेश परीक्षाको फाराम भर्नु पर्नेछ । वेबपेज www.entrance.iaas.edu.np खोलि online payment click गरेपछि connect IPS वा e-sewa बाट पनि शुल्क भुक्तानी गर्न सकिनेछ । रकम जम्मा गर्नुअघि आफ्नो कागजात पुरा र रितपर्वक भए नभएको रुजु गर्न सुझाव दिइन्छ । रकम जम्मा गरिसकेपछि आवेदन ठिक/बेठिक जे भए पनि उक्त रकम फिर्ता हुने छैन ।

### ४. प्रश्नपत्र तथा परीक्षासम्बन्धी जानकारी:

प्रवेश परीक्षामा प्रमाणपत्र तह/१०+२ का तल उल्लेखित विषयहरुबाट बहुछनौटिय वस्तुगत किसिम (Multiple Choice Objective Type) का जम्मा १०० वटा प्रश्नहरु हुनेछन् । दुवै कार्यक्रमको लागि एउटै प्रश्नपत्र र उत्तिर्णाङ्क ५० प्रतिशत हुनेछ । प्रवेश परीक्षाको प्राप्ताङ्कलाई नै १००% अंकभार कायम गरी भर्नाको लागि योग्यताक्रमको सूची तयार पारी नामावली प्रकाशित गरिनेछ । प्राप्ताङ्क प्रतिशत बराबर भएमा १०+२/एस.एल.सी वा सोसरहको प्रतिशत/ग्रेड र सो पनि बराबर भएमा क्रमशः जीव विज्ञान, रसायनशास्त्र, भौतिकशास्त्र, अंग्रेजी तथा गणित विषयको प्रतिशत/ग्रेड हेरी योग्यता तयार गरिनेछ । नतिजा, मेरिट क्रमाङ्क तथा भर्नासम्बन्धी सम्पुर्ण सूचना IAAS को website मा राखिनेछ।

तालिका २. प्रमाणपत्र/१०+२ वा सो सरहका पाठ्यक्रमका विषयहरुको प्रश्न अकंभार ।

| क्र.सं. | विषय | प्रश्न संख्या | | क्र.सं. | विषय | प्रश्न संख्या |
|---|---|---|---|---|---|---|
| १ | अंग्रेजी | १५ | | ५ | जुलोजी | १२ |
| २ | केमेष्ट्री | १५ | | ६ | बोटानी | १२ |
| ३ | फिजिक्स | १५ | | ७ | कृषि (वाली एंव पशु विज्ञान) | १२ |
| ४ | गणित | १५ | | ८ | सामान्य ज्ञान | ४ |

प.सं./च.नं.

**५. आवेदन ,प्रवेश पत्र र परीक्षा, परीक्षा केन्द्र, नतिजा र मेरिटसम्बन्धी विवरण :**

| | |
|---|---|
| सुचना र आवेदन | मिति २०८०/०७/१६ गते र आवेदन मिति २०८०/०८/१५ गते राती १२:०० बाह्र बजेसम्म। |
| प्रवेश पत्र वितरण | मिति २०८०/०८/२१ गतेबाट online बाट वितरण गरिनेछ। |
| प्रवेश परीक्षा | मिति २०८०/०८/२३ गते विहान ११:०० बजे देखि १२:३० बजेसम्म। |
| प्रवेश परीक्षा केन्द्र | काठमाडौ उपत्यकामा हुनेछ। परिक्षा केन्द्र पछि प्रकाशित गरिनेछ। |
| नतिजा प्रकाशन | मिति २०८०/०८/२४ गतेभित्र। |
| मेरिट सूची प्रकाशन | मिति २०८०/०८/२५ गतेभित्र। |

Admit card को लागि www.entrance.iaas.edu.np type गरी check your status मा click गरेर आवश्यक Information entry गरी search गर्दा देखाउने admit card अनिवार्य रुपमा color print गरी लिनु पर्नेछ। परीक्षा दिन आउँदा रंगिन प्रवेश पत्र र नागरिकता/सवारी चालक अनुमती पत्र/राहादानीको सक्कल अनिवार्य रुपमा ल्याउनु पर्नेछ।

**६. कोटा (मेरिट र आरक्षित कोटा) वर्गीकरण:**

प्रवेश परीक्षामा उत्तिर्णहरुलाई मेरीटको आधारमा तालिका ३ बमोजिम भर्ना लिइनेछ। आरक्षण कोटाको हकमा छात्रा बाहेक अन्य कोटामा भर्ना हुन चाहेमा सम्बन्धित निकायको प्रमाणपत्र पेश गर्नु पर्नेछ अन्यथा त्यस उपर कारवाही गरिने छैन।

क. **अपाङ्ग कोटा:** राष्ट्रिय अपाङ्ग महासंघ वा सम्वन्धित जिल्ला प्रशासन कार्यालय।
ख. **आदिवासी/जनजाति कोटा:** आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान/सम्वन्धित जिल्ला प्रशासन कार्यालय।
ग. **दलित कोटा:** राष्ट्रिय दलित आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालय।
घ. **मधेसी कोटा:** सम्बन्धित जिल्लाका जिल्ला प्रशासन कार्यालय।
ङ. **थारु कोटा:** आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्वन्धित जिल्ला प्रशासन कार्यालय।
च. **अन्य कोटा** (अल्पसंख्यक, सिमान्तकृत, पिछडिएको वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा आर्थिक रुपले विपन्न खस आर्य): सम्बन्धित गाउँ पालिका/नगर पालिका/सम्वन्धित जिल्ला प्रशासन कार्यालय।
छ. **स्थानिय कोटा:** कृषि कार्यक्रमअन्तर्गत आगिंक क्याम्पसहरुमा स्विकृत आधारभुत कोटाको ५% ले हुन आउने ३ वटा स्थानिय कोटा निर्धारण गरिएको छ। क्याम्पस अवस्थित गाउँ वा नगर पालिका १ र सम्वन्धित प्रदेशवाट २ वटा स्थानिय कोटा व्यवस्था गरिएको छ। गाउँपालिका वा नगरपालितकाको कोटा रिक्त भएमा प्रदेश कोटामा समावेश गरिनेछ। पशु चिकित्सातर्फको १ स्थानिय कोटा क्याम्पस अवस्थित गाउँ वा नगर पालिकालाई प्राथमिकतामा राखी रिक्त भएमा मात्र सम्बन्धित प्रदेशबाट परिपुर्ति गरिनेछ। सोसम्बन्धी थप जानकारी सम्बन्धित क्याम्पसले पछि सूचना गर्नेछ।
ज. **स्टाफ कोटा:** स्टाफ कोटासम्बन्धी पछि सूचना प्रकाशित गरिनेछ।

**तालिका ३. पशुचिकित्सातर्फ शैक्षिक वर्ष २०८०/०८१ मा भर्ना लिइने विद्यार्थी संख्यासम्बन्धी विवरण**

| **कोटा वितरण** | **वि.भि.एस्सी.एण्ड ए.एच.** |
|---|---|
| क) मेरिट | १७ |
| ख) आरक्षण | |
| छात्रा: खुला | २ |
| आदिवासी/जनजाती | १ |
| मधेसी: खुला | १ |
| थारु | १ |
| दलित | १ |
| अपाङ्ग | १ |
| अन्य | १ |
| ग) अध्ययनसंस्थान विकास शुल्क | **१५** |
| **डीनको कार्यलयवाट भर्ना हुने जम्मा** | **४० जना** |
| घ) एनेक्स कार्यक्रम अन्तर्गत (क्याम्पसबाट भर्ना हुने) | **१० जना**** |
| एनेक्स कार्यक्रम खुला | ७ |
| स्टाफ कोटा | १ * |
| स्थानिय कोटा | १ * |
| MOU भएका नेपाल सरकारका निकायका मनोनयी | १ * |
| **जम्मा संख्या** | **५० जना** |

*** मेरिट, आरक्षण र अध्ययन संस्थान विकास शुल्कको भर्ना प्रकृया सकिएपछि मात्र एनेक्स कोटा अन्तर्गत भर्नाको लागि सुचना गरिनेछ ।*

** एनेक्स कार्यक्रमअन्तर्गत यस अध्ययन संस्थानसँग MoU भएका नेपाल सरकारको निकायका मनोनयी, स्थानिय कोटा र स्टाफ कोटा खाली भएमा एनेक्स खुल्ला कोटामा समावेश गरिनेछ।*

पो.अ.ब. ९८४; फोन: ९७७-१-४३३०५००/४३३०६००; इमेल: info@iaas.edu.np; Website : www.iaas.edu.np

# त्रिभुवन विश्वविद्यालय
# कृषि र पशु विज्ञान अध्ययन संस्थान
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

**तालिका ४: कृषितर्फ शैक्षिक वर्ष २०८०/०८१ मा भर्ना लिइने विद्यार्थी संख्यासम्बन्धी विवरण**

| **कोटा विवरण** | **वि.एस्सी.कृषि/वागवानी** | | | | | |
|---|---|---|---|---|---|---|
| | **लमजुङ** | **पक्लिहवा** | **रामपुर** | **गौरादह** | **नेपाली सेना** | **जम्मा** |
| मेरिट कोटा | २७ | २७ | २६ | २६ | १३ | **११९** |
| **छात्रा कोटा** | | | | | | |
| खुला | १ | १ | २ | २ | १ | **७** |
| दलीत | | | | | १ | **१** |
| मुस्लीम | १ | - | - | - | - | **१** |
| **आदिवासी-जनजाती कोटा** | १ | २ | २ | १ | १ | **७** |
| **मधेसी कोटा** | | | | | | |
| खुला | १ | १ | १ | १ | १ | **५** |
| दलित | - | - | - | १ | - | **१** |
| **दलित कोटा** | १ | १ | १ | १ | - | **४** |
| **अपाङ्ग कोटा** | १ | १ | १ | १ | - | **४** |
| **मुश्लिम कोटा** | १ | १ | - | १ | - | **३** |
| **थारु कोटा** | १ | १ | १ | १ | १ | **५** |
| **दुर्गम जिल्ला कोटा** | १ | १ | १ | - | - | **३** |
| **अन्य कोटा** | १ | १ | १ | १ | - | **४** |
| अ.सं. विकास शुल्क | १३ | १३ | १४ | १४ | ६ | **६०** |
| **जम्मा** | **५०** | **५०** | **५०** | **५०** | **२४** | **२२४** |
| **एनेक्स कोटा** | **५०** | **५०** | - | - | **२४*** | **१२४** |
| स्थानिय कोटा** | ३ | ३ | ३ | ३ | **-** | **१२** |
| **स्टाफ कोटा**** | | | | | | |
| शुल्क प्रकार | त्रि.वि.मा कार्यरत शिक्षक तथा कर्मचारीहरुको लागि | | | IAAS मा कार्यरत शिक्षक तथा कर्मचारीहरुको लागि | | जम्मा |
| सहुलियत शुल्क | १ | | | २ | | ३ |
| पूर्ण शुल्क | १ | | | २ | | ३ |
| जम्मा स्टाफ कोटा | २ | | | ४ | | ६ |

**उल्लेखित कोटा नेपाली सेना कृषि विज्ञान संस्थानको संचालन नियमावली अनुसार हुनेछ।*
***टाफ र स्थानिय कोटा नियमित कोटाभित्र समावेश छैन।*

झ) **सम्बन्धन प्राप्त क्याम्पस/कार्यक्रम कोटा**

प्रवेश परीक्षामा उत्तिर्ण हुने विद्यार्थीहरु त्रि.वि.बाट सम्बन्धन लिई कृषि कार्यक्रम सञ्चालन भएका क्याम्पस वा कार्यक्रममा तालिका १ अनुसारको कोटामा भर्ना लिइनेछ। नेपाल सरकार शिक्षा मन्त्रालयको कलेज/क्याम्पस सम्बधमा आधारभुत निति २०६३ (संसोधन सहित) बमोजिम लागु हुने १०% छात्रावृति कोटा निर्धारित ५० जनाको कोटा भित्रवाटै हुनेछ। छात्रवृति कोटा वाहेकका विद्यार्थीहरुको भर्नासम्बन्धी कार्यक्रम सम्बन्धित क्याम्पसबाट नै पछि प्रकाशित हुनेछ। सोको भर्ना डीन कार्यालयले तोकेको प्रतिनिधिको रोहवरमा मेरिटको आधारमा गर्नु पर्नेछ। भर्ना प्रक्रियाको सूचना र भर्ना भएका विद्यार्थीहरुको नामावली अनिवार्य रुपमा एक महिनाभित्र डीन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

७. भर्ना शुल्क तथा भर्ना प्रकृयासम्बन्धी पछि प्रकाशित गरिनेछ।

८. आवेदन तथा भर्नासम्बन्धी थप जानकारीको लागि टेलिफोन नं. ०१४३३०५०० ext. १०८ मा सम्पर्क गर्न सकिनेछ।

प्रा. भार्गव धिताल
डीन